# CHILIME HYDROPOWER COMPANY LIMITED

Maharajgunj, Kapanmarga, Kathmandu

## Unaudited Financial Position as on 30th Poush 2082 (January 14, 2026)

(Rs.'000')

| Particulars | 2082.09.30 (14.01.2026) | 2082.06.31 (17.10.2025) | 2081.09.29 (13.01.2025) |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-current assets** | | | |
| Property, plant and equipment | 2,123,055.63 | 2,140,846.39 | 1,624,858.08 |
| Capital Work-In-Progress | 76,743.16 | 42,454.88 | 528,101.87 |
| Investment Work-In- Progress | 283,019.59 | 284,391.22 | 264,521.29 |
| **Financial Assets** | | | |
| Investment in subsidiary | 694,250.00 | 671,084.40 | 4,313,568.81 |
| Investment in Associates | 5,900,375.90 | 5,900,375.90 | 2,220,000.00 |
| **Total non-current assets** | **9,077,444.28** | **9,039,152.79** | **8,951,050.05** |
| Inventory | 91,651.75 | 91,913.47 | 94,648.47 |
| Advances and Deposit | 486,755.30 | 543,075.76 | 455,880.15 |
| **Financial Assets** | | | |
| Investment in Term Deposits | 225,012.91 | 325,012.91 | 2,000,862.53 |
| Other current assets | 2,026,911.19 | 2,032,210.39 | 163,780.69 |
| Cash and cash equivalent | 329,925.02 | 111,458.25 | 88,418.26 |
| Current Tax Assets( Net) | - | - | 7,347.47 |
| **Total current assets** | **3,160,256.17** | **3,103,670.78** | **2,810,937.57** |
| **Total assets** | **12,237,700.45** | **12,142,823.57** | **11,761,987.62** |
| **Equity and liabilities** | | | |
| **Equity** | | | |
| Paid up share capital | 9,484,988.68 | 8,782,396.92 | 8,782,396.92 |
| Retained earnings | 1,978,725.99 | 2,849,462.62 | 2,389,508.64 |
| **Total Equity** | **11,463,714.67** | **11,631,859.54** | **11,171,905.56** |
| Defined Benefit Plans | 183,979.64 | 185,675.50 | 170,540.62 |
| Deferred tax Liabilities | 127,292.97 | 127,292.97 | 106,163.94 |
| **Total Non-current liabilities** | **311,272.61** | **312,968.47** | **276,704.56** |
| **Current liabilities** | | | |
| Provisions for employee benefits | 13,250.54 | 27,376.24 | 193,462.82 |
| Corporate Social Responsibility Fund | 23,244.32 | 21,404.33 | 23,336.87 |
| **Financial Liabilities** | | | |
| Trade and Other Payables | 407,724.83 | 73,319.08 | 68,866.35 |
| Current Tax Liabilities ( Net) | 18,493.49 | 75,895.91 | 27,711.46 |
| **Total Current Liabilities** | **462,713.18** | **197,995.56** | **313,377.50** |
| **Total Equity and Liabilities** | **12,237,700.45** | **12,142,823.57** | **11,761,987.62** |

## Unaudited Profit & Loss Accounts from 1 Shrwan to 30 Poush 2082 (17th July 2025 to 14th January 2026)

(Rs.'000')

| Particulars | FY 2082/083 (Up to Poush) (2025/026) | FY 2082/083 (Up to Aswin) (2025/026) | FY 2081/082 (Up to Poush) (2024/025) |
|---|---|---|---|
| Revenue | 636,581.19 | 353,082.7 | 640,942.64 |
| Direct Expenses | (60,983.92) | (26,593.44) | (57,112.38) |
| Royalty Expenses | (85,758.12) | (57,408.27) | (86,294.26) |
| **Gross Profit** | **489,839.15** | **269,080.99** | **497,536.00** |
| Employee benefit expense | (17,329.02) | (12,953.42) | (19,224.55) |
| Administrative Expenses | (15,221.32) | (7,950.2) | (10,321.41) |
| Depreciation and amortization | (37,815.24) | (14,000) | (33,160.37) |
| **Profit from Operation** | **419,473.57** | **234,177.37** | **434,829.67** |
| Finance Income | 55,891.02 | 31,964.89 | 62,457.11 |
| Other Income | 3,438.72 | 1,176.75 | 3.5 |
| **Profit/(Loss) Before Tax and Bonus** | **478,803.31** | **267,319.01** | **497,290.28** |
| Employee Bonus | (9,576.07) | (5,346.38) | (9,945.81) |
| **Profit/(Loss) Before Tax** | **469,227.24** | **261,972.63** | **487,344.47** |
| Current tax | (67,147.07) | (54,051.61) | (100,591.75) |
| **Profit after Tax** | **402,080.17** | **207,921.02** | **386,752.72** |
| Corporate Social Responsibility Provision | (4,020.80) | (2,079.21) | (3,867.53) |
| **Net Profit for the year** | **398,059.37** | **205,841.81** | **382,885.20** |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची–१४ अनुसार कम्पनीको आ.व. २०८२/०८३ दोस्रो त्रैमासिक प्रतिवेदन ।

**१. वित्तिय विवरण :**

(क) दोस्रो त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरु यसै साथ संलग्न गरिएको छ ।

(ख) प्रमुख वित्तिय सूचकहरु :

| विवरण | आ.व. २०८२/०८३ दोस्रो त्रैमासिक (पौष मसान्तसम्म) | आ.व. २०८१/०८२ दोस्रो त्रैमासिक (पौष मसान्तसम्म) | कैफियत |
|---|---|---|---|
| प्रतिसेयर आम्दानी (रू.) | ८.३९ | ८.७२ | वार्षिकीकरण गरिएको |
| P/E Ratio | ५६.० | ५७.५ | |
| प्रति सेयर नेटवर्थ (रू.) | १२०.८६ | १२७.२१ | |
| प्रतिसेयर कुल सम्पत्तिको मूल्य (रू.) | १२९.०२ | १३३.९३ | |
| तरलता अनुपात | ६.८३ | ८.९७ | |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) गत आ.व. २०८१/०८२ को अनुपातमा यस आ.व. २०८२/०८३ को पौष मसान्तसम्मको विद्युत बिक्री रु ४३ लाख ६१ हजार अर्थात ०.६८ % ले कमि हुन गएको छ । यस आ.व.को पौष मसान्तसम्म गत आ.व.को तुलनामा अतिरिक्त उर्जा शक्ति न्यून रुपमा आपूर्ति भएका कारण विक्रिमा सामान्य रुपमा कमि हुन गएको देखिन्छ । अतिरिक्त उर्जा शक्ति विक्रिलाई नदीको पानीको वहाव, नेविप्रा को माग र पावरहाउसको सञ्चालन गतिविधिले प्रभाव पारेको हुन्छ ।

गत आ.व.को यसै अवधिको तुलनामा यस आ.व. मा बैक मौज्दात न्यून हुन जाँदा र व्याज दरमा पनि क्रमशः घट्दै गएकोले व्याज आम्दानीतर्फ रु ६५ लाख ६६ हजार अर्थात १०.५१ % ले न्यून हुन गएको छ । हालको नगद मौज्दातलाई लाभांश दिन, नयाँ आयोजनाको पहिचान एवं विकास, अध्ययन, चिलिमे कर्पोरेट निर्माण, कार्यालय सञ्चालनार्थ लगायतका कामहरुका लागि उपयोग गर्दै लगिने छ । मिति २०८२ साल पुस ३० गतेको २९ औं वार्षिक साधारण सभाले पारित गरे बमोजिमको ४% नगद लाभांश रकम भुक्तानी नभैसके कोले व्यवस्था (Provision) मा देखाउँदा यस शिर्षकमा दायित्व वृद्धि हुन गएको छ । यो प्रतिवेदन तयार गर्दाका बखत भने उक्त रकम शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत शेयरधनीको खातामा पठाइ सकिएको छ ।

(ख) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवि प्रकोप (काबु वाहिर) को असर भने सदा रहिरहने ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

समीक्षा अवधिमा कानूनी कारवाही सम्बन्धी कुनै गतिविधि नभएको ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) सेयरको वजार मूल्यमा असाधरण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरु भएका छैनन् । संस्थाले अपेक्षित नाफा आर्जन गर्न सफल भएको र आगामी दिनमा अझ बढी सफलता हासिल गर्ने कुरामा व्यवस्थापन पक्ष विश्वस्त रही सम्बन्धित लगानीकर्ताहरुलाई पनि विश्वस्त गराउन चाहन्छ ।

(ख) मिति २०८२/०९/३० गतेको २९औं वार्षिक साधारण सभाले पारित गरे बमोजिम साधारण शेयर दाखिला खारेज वन्द भएको मितिमा सेयरधनी दर्ता किताबमा नाम दर्ता रहेका सेयरधनीहरुले पाउने गरी कम्पनीको चुक्ता पुँजीको ४ प्रतिशत नगद लाभांश तथा मुनाफा रकमबाट चुक्ता पुँजीको ८ प्रतिशत वोनश सेयर वितरण गर्ने प्रस्ताव पारित भए अनुसार सेयरधनीलाई घोषित प्रतिफल वितरण गर्ने कार्य जारी छ । वोनश सेयरलाई पूँजीकरण गरी वासलातमा देखाइएको छ । वोनश सेयर डिम्याट गराउन नसकेका सेयरधनीहरुको हकमा सेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत अभौतिकीकरण गराउन उच्चतम् प्रयास भैरहेको छ । हालसम्म पनि आफ्नो शेयर अभौतिकीकरण गराउन छुटेका शेयरधनीलाई यथाशिघ्र अभौतिकीकरण गराउन यसै प्रतिवेदन मार्फत अनुरोध पनि गरिन्छ ।

(ग) त्रैमासिक अवधिको सेयर कारोवार सम्बन्धी विवरण :

| सेयरको अधिकतम मूल्य (रू.) | सेयरको न्यूनतम मूल्य (रू.) | सेयरको अन्तिम मूल्य (रू.) | कारोवार भएको कुल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ५१६.९० | ४६४ | ४७० | ५५ | ११३४६ |

**५. समस्या र चुनौती :**

यस कम्पनीले उत्पादनको लागि अनुमति प्राप्त गरेका सेतिनदी-३ अर्धजलाशययुक्त जलविद्युत आयोजना (८७ मेगावाट), बूढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा), र चुमचेत स्यारखोला जलविद्युत आयोजना (४५ मेगावाट) आयोजनाहरु निर्माण कार्य शुरु गर्नु पर्नेभएको छ । बूढीगण्डकी जलविद्युत आयोजना (९१ मेवा) को हकमा भने संभाव्यता अध्ययनका कामहरु सुचारू रहेका छन् ।

सेतिनदी-३ अर्धजलाशययुक्त जलविद्युत आयोजना (८७ मेगावाट) का लागि वित्तिय व्यवस्थापन गर्नका लागि विभिन्न वित्तिय संस्थाहरुसँग छलफल भै रहेको छ । नेपाल हाइड्रोइलेक्ट्रिसिटीबाट Financial Closer का लागि ईच्छुक भएको र अन्य संस्थाहरुसँगको समन्वयमा उल्लेखित कार्य सम्पन्न गर्ने प्रयास भै रहेको व्होरा प्राप्त भएको छ । यो आयोजनास्थलसम्म पुग्ने पहुच सडक पहिलेनै भएकोले वित्तिय व्यवस्थापन हुना साथ कामहरु अगाडि बढाउन सकिने अवस्था देखिन्छ । यस आयोजनाका लागि आवश्यक पर्ने प्रशारण लाइन कम्पनीले अन्य कम्पनीहरुसँग मिलेर निर्माण गर्ने गरी कामकारवाही अगाडि बढाइएको छ ।

बूढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा) र स्यारखोला जलविद्युत आयोजना (४५ मेगावाट) निर्माण गर्नका लागि आवश्यक पर्ने पहुच सडक तयारी अवस्थामा नभएको हुँदा तत्काल निर्माणका कामहरु प्रारम्भ गर्न सकिने अवस्था देखिदैन । नेपाली सेनाको नेतृत्वमा सडक खन्ने कार्य जारी रहेको छ । सडक पुग्ना साथ निर्माणका काम प्रारम्भ गरिने छ ।

**६. संस्थागत सुशासन :**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम/विनियमावलीहरु सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, खरिद मूल्याङ्कन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरुको गठन गर्ने गरिएको छ । आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ । संस्थागत विकास एवं सुदृढिकरण अन्तर्गत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरु जस्ता विषयलाई पनि प्राथमिकता दिने गरिएको छ ।

**७. प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद् घोष गर्दछुकी मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानी कर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महसुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको प्रयासलाई सधैं स्वागतयोग्य कदम ठान्ने छु ।